# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरू उमाशंकर यादव, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

- **प्रतिवादी उमाशंकर यादवले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिंदा निज उमाशंकर यादव उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस/रिसवत वापत दिएको रकम रु. ४,००,०००।- र नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिई नेपाल सरकारलाई हानी पुऱ्याएको रकम रु. ३,०४,२१०।- समेत गरी रु. ७,०४,२१०।- (सात लाख चार हजार दुइ सय दश) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रु. ४,००,०००।- (चार लाख) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानी नोक्सानी गरेको बिगो रु. ३,०४,२१०।- (तीन लाख चार हजार दुई सय दश) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन; र
- **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिंदा निज राजेश्वर प्रसाद चौरसिया उपर उमाशंकर यादवबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ४,००,०००।- र आफैंले नक्कली तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका उमाशंकर यादवलाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो पदको दुरुपयोग गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको रकम रु. ३,०४,२१०।- समेत गरी बिगो रु. ७,०४,२१०।- (सात लाख चार हजार दुइ सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रु.४,००,०००।(चार लाख) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानी नोक्सानी पुगेको बिगो रु. ३,०४,२१०।- (तीन लाख चार हजार दुई सय दश) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन एवं प्रतिवादीहरु **रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. ३,०४,२१०।- (तीन लाख चार हजार दुई सय दश) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२२ को फैसलाबाट निम्न आधारहरू लिई उक्त आरोपमा आंशिक कसूर ठहर भएकोः-

- उमाशंकर यादवले यस अदालतमा बयान गर्दा मैले राजेश्वर प्रसाद चौरसियालाई आवेदन दस्तुर रु. १,१५०।- र भोजभतेरको लागि रु.१३,०००।- समेत रु. १४,१५०। - दिएको रु.४,००,०००।- दिएको होईन भनी

लेखाएको देखिएको र अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया लिएको भनी लेखाएको रु.११,०००।- लाई मात्र रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो।

- प्रतिवादी महेश यादवले कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसंग उठाईएको दुवै विद्यालयसँग निज सम्वन्धित भएको नदेखिएको तसर्थ आफ्ना हकमा ईन्कारी बयान गर्ने राजेश्वरप्रसाद चौरसियाको अनुसन्धान अधिकारी समक्षको बयान मात्रको आधारमा यी प्रतिवादीको संलग्नता भएको भन्न नमिल्ने।
- प्रतिवादी रामवेलास प्रसाद पटेलले उमाशंकर साहलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको भनी यो दाबी लिईएको आरोप सम्वन्धमा निजले अनुसन्धान अधिकारी तथा यस अदालत समक्ष समेत ईन्कारी बयान गरेको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छः-

**<u>देहायः</u>**

क) प्रतिवादी उमाशंकर यादवले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा जगरनाथपुर गाउँपालिकाका शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा रु. ४,००,०००।- लिएर नियुक्तिपत्र लगायतका कागजातहरु उपलव्ध गराइदिएका हुन् भनी वयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी उमाशंकर यादवले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र उमाशंकर यादवले घुस/रिसवत लिएको/दिएको रकम रु.४,००,०००।- (चार लाख) कायम गरी सजाय गर्नुपर्नेमा अदालतमा बयान गर्दा प्रतिवादी राजेश्वर प्रसाद चौरासिया स्वयमंले लिएको भनी लेखाएको रु.११,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा उमाशंकर यादव लगायतका व्यक्ति र कागजातहरु समेत लिई आउने र आफुलाई सहयोग वापत रकम उपलव्ध गराउने व्यक्ति श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेढ्वा विर्ता पर्साका भु.पु.प्रधानाध्यापक महेश प्रसाद यादव र रामवेलासप्रसाद पटेल हुन् भनी खुलाईदिएको देखिन्छ। मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिइ आफुलाई सहयोग गर्ने व्यक्ति भनी खुलाईदिए अनुसार प्रतिवादी महेश प्रसाद यादव र रामवेलास प्रसाद पटेल समेतले विभिन्न व्यक्तिहरु लिई गई राजेश्वर प्रसाद चौरसियाबाट नक्कली तथा गलत कागजातहरु उपलव्ध गराउनमा सघाउ पुर्याउने कार्य गरी सोही नक्कली तथा गलत कागजातहरुका आधारमा आफु अनुकुलका व्यक्तिहरुले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैर कानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले राष्ट्रसेवक कर्मचारीसंगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरुका आधारमा विभिन्न व्यक्तिहरुलाई शिक्षकको रुपमा तलव भत्ता समेत भुक्तानी दिलाउन एवं गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादीहरु रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवले जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया, उमाशंकर यादव, प्रतिवादीहरु रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादव** (वि.अ. को मु.नं. ०७६-CR-०१०१), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ती गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचार गरेको** | प्रतिवादी उमाशंकर यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिंदा निज उमाशंकर यादव उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. ४,००,०००।- र नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिइ नेपाल सरकारलाई हानी नोक्सानी पुर्याएको रकम रु. ३,०४,२१०।- समेत गरी रु. ७,०४,२१०।- (सात लाख चार हजार दुइ सय दश) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रु. ४,००,०००।- (चार लाख) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानी नोक्सानी गरेको विगो रु. ३,०४,२१०।- (तीन लाख चार हजार दुई सय दश) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदावी लिईएको, प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले भ्रष्टाचार निवारण ऐन, २०५९ | **फैसलाः**<br>प्रतिवादीहरु उमाशंकर यादव र राजेश्वर प्रसाद चौरसियाको मिलोमतोमा नक्कली कागजात बनाई प्रतिवादी उमाशंकर यादवले तलब भत्ता बापत रु.३,०४,२१०/- भुक्तानी लिई बदनियतपूर्वक नेपाल सरकारको हानी नोक्सानी पुर्‍याएको तथा उक्त कार्य वापत प्रतिवादी उमाशंकर यादव दिने र राजेश्वर प्रसाद चौरसिया लिने भई रिसवत रु. ११,०००/- लेनदेन गरेको देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र (३) एवम् दफा १७ को कसूरमा सोही दफा १७ बमोजिम निज प्रतिवादीहरुबाट जनही बिगो रु.१,५२,१०५/- असुल गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम रिसवत र बिगो बमोजिम जरिबाना जनही रु.१,५७,६०५/- र सोही उपदफाको खण्ड (घ) बमोजिम ६ (छ) महिना जनही कैदको सजाय हुने ठहर्छ।अन्य प्रतिवादीहरु रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवले मतियारको भूमिका निर्वाह गरेको तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन नआएकोले निजहरुको हकमा आरोप दाबी पुग्न नसकी सफाई पाउने एवं उल्लेख भएदेखि बाहेकका हकमा समेत आरोप दाबी पुग्न नसक्ने ठहर्छ भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>क. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी, र हैसियत यो कसूरसँग सम्बन्धित - नै नरहेको अवस्था होईन । अनुसन्धान अधिकारी समक्ष सहयोग वापत मलाई रु. ११,०००।- दिएको भनी लेखाएको समेत देखिन्छ । निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको दरवन्दी र अभिलेख विवरणको पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु पर्ने कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु बनाई प्रतिवादी उमाशंकर यादवलाई श्री राम प्रा.वि. पिपरडाढी बाट रु.३,०४,२१०।- तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको समेत संलग्नता रहेको देखिन आयो ।<br>ख. प्रथमतः नक्कली कागजातका आधारमा शिक्षक पदको तलव भत्ता भुक्तानी भएको तथ्य स्थापित भैसकेको छ । राष्ट्रसेवकले यस प्रकारको भ्रष्टाचारजन्य कार्य गर्दा कुनै सबुत प्रमाण छाड्ने स्थिति | क. प्रतिवादी उमाशंकर यादवले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा जगरनाथपुर गाउँपालिकाका शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा रु. ४,००,०००।- लिएर नियुक्तिपत्र लगायतका कागजातहरु उपलव्ध गराइदिएका हुन् भनि वयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी उमाशंकर यादवले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र उमाशंकर यादवले घुस/रिसवत लिएको/दिएको रकम रु.४,००,०००।-(चार लाख) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरासिया स्वयमंले लिएको भनी लेखाएको रु.११,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको देखिन्छ।विशेष अदालतले घुस/रिसपतको बापतको रकमको कम बिगो कायम गर्दा लिएको आधार भनेको कै अनुसन्धान अधिकारी समक्ष गरेको बयान नै देखिएकोमा स्वयम् प्रतिवादी उमाशंकर यादवले प्रतिवादी राजेश्वर प्रसाद चौरासियालाई मसंगबाट रु. ४,००,०००।- रिसवत लिएको भनी अनुसन्धानको अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई केबल मात्र ११,०००/- घुस/रिसवत बापतको बिगो कायम गरी गरेको फैसला त्रुटीपुर्ण रहेको हुँदा प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र उमाशंकर यादवको हकमा घुस/रिसवत बापत लिए/दिएको रकम नगद रु. ४,००,०००।-लाई बिगो कायम गरी आरोपपत्र मागदावी बमोजिम हुन पुनरावेदन गर्ने।<br>ख. प्रतिवादी उमाशंकर यादवले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ४,००,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु उमाशंकर यादव र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ४,००,०००।- लिए/दिएको पुष्टि भएको हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु उमाशंकर यादव र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु उमाशंकर यादव र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>ग. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा उमाशंकर यादव लगायतका व्यक्ति र कागजातहरु समेत लिइ आउने र आफुलाई सहयोग वापत रकम उपलव्ध गराउने व्यक्ति श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेढ्वा विर्ता पर्साका भु.पु.प्रधानाध्यापक महेश प्रसाद यादव र रामवेलासप्रसाद पटेल हुन् भनि खुलाईदिएको देखिन्छ। मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिइ आफुलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को दफा ३ को उपदफा (१) दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज राजेश्वर प्रसाद चौरसिया उपर उमाशंकर यादवबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ४,००,०००।- र आफैंले नक्कलि तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका उमाशंकर यादवलाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो पदको दुरुपयोग गरी नेपाल सरकारलाई हानी नोक्सानी पुर्याएको रकम रु. ३,०४,२१०।- समेत गरी विगो रु. ७,०४,२१०।- (सात लाख चार हजार दुइ सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रु.४,००,०००।(चार लाख) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानी नोक्सानी पुगेको विगो रु. ३,०४,२१०।- (तीन लाख चार हजार दुई सय दश) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदावी लिईएको, प्रतिवादीहरु रामवेलास प्रसाद | सामान्यतया हुँदैन । नक्कली नियुक्ति र सरुवा पत्र नै तयार गरी त्यस्ता कागजातका आधारमा पारिश्रमिक भुक्तानी लिने कार्य सामान्य नभई जोखिमपूर्ण कार्य नै हुन्छ । यस्तो जोखिमको प्रत्यक्ष संरक्षण सम्बन्धित संस्थाका प्रमुख र खर्च लेखे अधिकारी एवं अनुगमन नियमन गर्ने अधिकारीबाट नै सम्भव हुन्छ । प्रतिवादी उमाशंकर यादवले यस अदालतमा बयान गर्दा मैले राजेश्वर प्रसाद चौरसियालाई आवेदन दस्तुर रु. ११५०।- र भोजभतेरको लागि रु.१३,०००।- समेत रु. १४,१५० । - दिएको रु.४,००,०००।- दिएको होईन भनी लेखाएको देखिन्छ। प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले लिएको तथ्य ईन्कारी गरेको भएपनि अनुसन्धान अधिकारी समक्ष रकम लेनदेन भएको तथ्य उल्लेख भएको देखिन्छ । विना फाईदा यस्तो जोखिमपूर्ण कार्य गरिने र गराईने पनि हुँदैन । लगाउमा रहेका ०७६-CR-००८६, ०७६-CR- ००८९, ०७६-CR- ००९२, ०७६-CR-०१०३, ०७६-CR- ०१०४, ०७६-CR- ०१०६, ०७६-CR-०१०७ लगायतका मुद्दामा आफूले रकम लिएको तथ्य प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले पनि स्वीकार गरेको पाईन्छ । तसर्थ अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले लिएको भनी लेखाएको रु.११,०००।- लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो ।<br>ग. प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवका हकमा विचार गर्दा निज श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेडवा विर्ता पर्साका भु.पू. प्रधानाध्यापक भएको देखिन्छ। निज उपर कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसंग उठाईएको दुवै विद्यालयसँग निज सम्वन्धित भएको देखिंदैन । प्रतिवादी हरिओम कुमार साह स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको बयानबाट पनि निजको संलग्नता खुल्दैन । निजको संलग्नता पुष्टि हुने अन्य मनासिव कारण र आधार समेत मिसिलबाट देखिन आउँदैन । तसर्थ आफ्ना हकमा ईन्कारी बयान गर्ने राजेश्वरप्रसाद चौरसियाको अनुसन्धान अधिकारी समक्षको बयान मात्रको आधारमा यी प्रतिवादीको संलग्नता भएको भन्न मिलेन ।<br>घ. प्रतिवादी रामवेलास प्रसाद पटेलका हकमा प्रतिवादी उमाशंकर साहले तलव भत्ता भुक्तानी लिएको विद्यालयका प्रधानाध्यापक रहेको देखिन्छ । निज समेतले उमाशंकर साहलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको भनी यो दाबी लिईएको | सहयोग गर्ने व्यक्ति भनि खुलाईदिए अनुसार यी प्रतिवादी महेश प्रसाद यादव र रामवेलास प्रसाद पटेल समेतले विभिन्न व्यक्तिहरु लिइ गइ राजेश्वर प्रसाद चौरसियाबाट नक्कलि तथा गलत कागजातहरु उपलव्ध गराउनमा सघाउ पुर्याउने कार्य गरी सोही नक्कलि तथा गलत कागजातहरुका आधारमा आफु अनुकुलका व्यक्तिहरुले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैर कानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले राष्ट्रसेवक कर्मचारीसंगको मिलेमतोमा गलत तथा नक्कलि कागजातहरुका आधारमा विभिन्न व्यक्तिहरुलाई शिक्षकको रुपमा तलव भत्ता समेत भुक्तानी दिलाउन एवं गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादीहरु रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवले जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा *अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ* भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट प्रतिवादीहरु रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पटेल र महेश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. ३,०४,२१०।- (तीन लाख चार हजार दुई सय दश) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिइएको | पाईन्छ। यस आरोप सम्वन्धमा निजले अनुसन्धान अधिकारी तथा यस अदालत समक्ष समेत ईन्कारी बयान गरेको पाईन्छ । हरिओम कुमार साहले पेस गरेका श्री राम प्रा. वि. पिपरडाढीका प्रधानाध्यापक समेत रहेका यी प्रतिवादी स्वयंको नियुक्ति पनि नक्कली रहेको ठहर भई यसै लगाउमा रहेको ०७६- CR-००९२ को मुद्दामा निज रामवेलास प्रसाद पटेललाई नै सजाय हुने गरी आजै निर्णय भईसकेको छ ।<br>ङ. यसै लगाउमा वीस थान मुद्दा पेस हुन आएको छ । प्रत्येक मुद्दामा निज राजेश्वर प्रसाद चौरसियाले नै विवादित कागजातहरु ल्याईदिएको भनी प्रतिवादीहरुले बयान गरेको देखिन्छ भने निजलाई सवै मुद्दामा सजाय हुने ठहरसमेत भएको छ । एक विद्यालयको नक्कली नियुक्ति तयार गर्ने र जिल्ला शिक्षा कार्यालयबाट काज सरुवा गरिएको नक्कली पत्र तयार गरी अर्कै विद्यालयमा वहाल गराउने गरी सबै मुद्दामा करीव एकै प्रकारको तरिका ( Modus operendi) अपनाईएको पाईन्छ। तर सबै मुद्दामा नक्कली कागजात तयार गर्नमा यी प्रतिवादीहो भूमिका रहेको भन्ने दाबी नै रहेको पाईंदैन। आफै नक्कली कागजातका आधारमा भ्रष्टाचार गरेको ठहर भएका यी प्रतिवादीलाई निज उमाशंकर साहको उक्त कागजात नक्कली भएको तथ्य जानकारी हुन पर्ने आधार मिसिलबाट देखिंदैन । प्रतिवादी उमाशंकर साहले अनुसन्धान अधिकारी तथा यस अदालतमा समेत बयान गर्दा यी प्रतिवादीलाई पोल गर्न सकेको देखिंदैन । यस वापत निजले कुनै लाभ लिएको भन्ने वादीकै दाबी नरहेको अवस्थामा प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको मतियारको रुपमा यी प्रतिवादी रामवेलास प्रसाद पटेलको भूमिका सबुत प्रमाणबाट स्थापित हुन आएको देखिएन । | |